भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

# सुन्तलाजात फलफूल बालीमा उच्च घनत्व बगैंचा स्थापना कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७।०६।११)

**प्रस्तावनाः** सुन्तलाजात फलफूलको उत्पादन र उत्पादकत्व वृद्धि गर्न उच्च घनत्व प्रविधि र उपयुक्त जातका गुणस्तरीय बिरुवा प्रयोग तथा आधुनिक बगैंचा व्यवस्थापनका विधिहरु अवलम्बन गरी सुन्तलाजात फलफूल बगैंचा स्थापना तथा विस्तार गर्न आवश्यक देखिएकाले बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) कार्यक्रम संचालन गर्न व्यवसायिक कृषक, फर्म/कम्पनी, कृषक समूह तथा सहकारी संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्।

(ख) होचो (Dwarf) जातको रुटस्टकमा कलमी गरिएको १-१.५ वर्षको १.५-२.५ फिट उचाईको पोलिब्यागमा भएको स्वस्थ विरुवा लगाउनुपर्नेछ।

(ग) बगैंचामा सिँचाईको प्रबन्ध गर्नुपर्नेछ।

(घ) बगैंचा स्थापना अघि र हरेक दुई वर्षको अन्तरालमा माटो परिक्षण गरी सिफारिस अनुसारको खाद्यतत्व व्यवस्थापन गर्नुपर्नेछ।

(ङ) विरुवादेखि विरुवाको दुरी २.५-३ मिटर र लाईनदेखि लाईनको दुरी २.५-३ मिटर हुनुपर्नेछ।

(च) विरुवा रोप्नुभन्दा कम्तिमा एक महिना अघि न्यूनतम ६० से.मि. लम्वाई, ६० से.मि. चौडाई र ६० से.मि. गहिराई भएको खाडल तयार गर्नुपर्नेछ।

(छ) सम्बन्धित निकायले सिफारिस गरेअनुसार मलखाद, तालिम र काँटछाँट (Training and Pruning) तथा रोग किराको व्यवस्थापन गर्नुपर्नेछ।

(ज) समितिले न्यूनतम ५० अंक प्राप्त गरेको प्रस्तावकलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ।

२. **आर्थिक पक्षः** स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरु मध्ये कुनै एक वा एक भन्दा बढी कार्यको लागि कुल लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(क) खाडल तयारी

(ख) मलखाद व्यवस्थापन, विरुवा खरिद तथा रोपण

(ग) मेसिनरी औजार तथा उपकरण खरिद

(घ) सिँचाई व्यवस्थापन

(ङ) बगैंचा व्यवस्थापनका अन्य कार्यहरु।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

**३. मूल्याङ्कनका आधारः**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **१.** | **सिँचाई श्रोतको सुनिश्चिता** | **१०** |
| (क) | सिँचाईको सुविधा भएको (बाह्रै महिना) | १० |
| (ख) | सिँचाईको श्रोत सुनिश्चित भएको र सुविधा हुनसक्ने | ५ |
| **२.** | **भौगोलिक उपयुक्तता** | **३०** |
| (क) | ८०० मिटरदेखि १५०० मिटरसम्मको उत्तर पूर्वी मोहोडा भएको स्थान | ३० |
| (ख) | ८०० मिटरदेखि १५०० मिटरसम्मको उत्तर पूर्वी बाहेक अन्य मोहोडा भएको स्थान | २० |
| (ग) | ७०० देखि ८०० मिटर वा १५०० देखि १६०० मिटर सम्मको उचाईको स्थान | १० |
| **३.** | **बगैंचा स्थापना/विस्तार हुने क्षेत्रफल** | **२०** |
| (क) | ५ रोपनी सम्मको क्षेत्रफललाई १० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति रोपनी ०.५ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने | २० |
| **४.** | **आवेदकको अनुभव तथा क्षमता** | **१०** |
| (क) | सम्बन्धित व्यवसायमा व्यवहारिक अनुभव भएको वा कृषि विषय लिई कम्तीमा SEE वा सो सरह अध्ययन गरेको | १० |
| (ख) | व्यवसायसँग सम्बन्धित व्यवहारिक अनुभव नभएको | ५ |
| **५.** | **रोजगारी सिर्जना** | **१०** |
| (क) | ३ वा ३ भन्दा बढी | १० |
| (ख) | ३ भन्दा कम | ५ |
| **६.** | **अनुदानको अवस्था** | **१०** |
| (क) | हालसम्म कुनैपनि अनुदान प्राप्त नगरेको | १० |
| (ख) | पछिल्लो दुई आ.व.मा सोहि प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | ६ |
| (ग) | पछिल्लो दुई आ.व.मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि क्षेत्र/व्यवसाय विस्तारका लागि प्रस्ताव पेश गरेको | २ |
| **७.** | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (नविनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | **१०** |
| | **जम्मा** | १०० |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारी संस्थाको हकमा बैठक निर्णय प्रतिलिपि।

(ग) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/ लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

**५. प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br><br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br><br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) **सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नाम | हाल खेती गरिरहेको क्षेत्रफल | हालको उत्पादन | कार्यक्रम संचालनबाट थप हुने क्षेत्रफल | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग) कुल अनुमानित उत्पादनः**

(घ) कुल रोजगारी सिर्जनाः

(ङ) संचालन हुने क्रियाकलापहरुः

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(च) माग गरेको जम्मा अनुदान रकमः

(छ) अन्य व्यवसायिक योजनाः

- नविनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)

- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

(ज) अन्य विषय केही भए उल्लेख गर्नुहोस्